नेपाल सरकार
राष्ट्रिय महिला आयोग
National Women's Commission

पत्र संख्याः१०/०६८/६९ चलानी संख्या : ४८४ मिति : २०६८/११/७

## प्रेस विज्ञप्ति

चितवन बघौडा २ की ४० वर्षिया ढेगनीदेवी महतोलाई मिति २०६८ फागुण ५, गते बोक्सीको आरोपमा आफन्तहरूबाट निर्घात कुटपीट गरी, जिउँदै जलाई, हत्या गरिएको भन्ने सम्वन्धमा प्रकाशित / प्रसारीत समाचार प्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस प्रकारको क्रुर, अमानविय तथा जघन्य अपराधको राष्ट्रिय महिला आयोग घोर भर्त्सना गर्दछ । नेपालको अन्तरिम संबिधान २०६३ ले महिला बिरूद्ध हुने कुनैपनि प्रकारका हिंसाजन्य कार्यलाई दण्डनिय हुने व्यवस्था गरेको छ । तसर्थ राष्ट्रिय महिला आयोगले २०६७ सालमा तयार पारेको **" बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०६७"** यथाशिघ्र पारित गरी सामाजिक विकृति र विसंगती अन्त्य गरी सुरक्षित तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने महिला अधिकारको संरक्षण गर्न नेपाल सरकारसंग राष्ट्रिय महिला आयोग अपिल गर्दछ ।

..........................................

मोहना अन्सारी

प्रवक्ता

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाण्डौ
मितिः २०६८ फागुण, ७ गते आइतबार

भद्रकाली प्लाजा, काठमाण्डौं । फोनः ४२५६७०१, फ्याक्सः ४२५०२४६, वेबः www.nwc.gov.np; ई–मेलः info@nwc.gov.np